# स्थानीय राजपत्र

**मायादेवी गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ९** **संख्याः६** **२०८२ मंशिर १० गते**

# भाग २

**मायादेवी गाउँपालिका**

## गाउँकार्यापालिकाको कार्यालय

**बरेवा - रुपन्देही**

**लुम्बिनी प्रदेश, नेपाल**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँकार्यपालिकाले बनाएकको तल लेखिए बमोजिकमको कार्यविधि उपदफा (३) अनुसार सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

# निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२

**कार्यपालिकाबाट स्वीकृत मितिः२०८२/०८/०५**

**प्रमाणिकरण मितिः२०८२/०८/०८**

MAYADEVI RURAL MUNICIPALITY
मायादेवी गाउँपालिका
बरेवा, रुपन्देही
लुम्बिनी प्रदेश, नेपाल।

**प्रस्तावनाः** निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०८० मा सामयिक गर्न वाञ्छनीय भएकोले, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा लुम्बिनी प्रदेश सरकारको नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ को परिच्छेद ३ दफा ४ उपदफा १ ले दिएको अधिकार तथा मार्गनिर्देशन अनुसार मायादेवी गाउँपालिका रुपन्देहीले यो कार्यविधि तयार गरि लागु गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः यो कार्यविधिको नाम निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी (पहिलो संशोधन) कार्यविधि,२०८२ हुनेछ।**

२. **यो कार्यविधि तुरुन्त प्रारम्भ हुने छ।**

३. **यस कार्यविधिको दफा ४ मा संशोधन**

(ख) को सट्टा वडा कार्यालयका वडा सचिव/वडाका अन्य कर्मचारीले वडा अध्यक्ष वा वडा अध्यक्षले तोकेको प्रतिनिधी सहितको रोहोबरमा, साँधियारहरु समेतको उपस्थितीमा वडा सर्जिमिन मुचुल्का तयार पारी गाउँपालिकाको कार्यालयमा सिफारिस गरी पठाउने।

(ग) को सट्टा उत्खनन् लागत अनुमान तयार गर्दा दैनिक उत्खनन् हुन सक्ने परिमाण यकिन गर्नुपर्नेछ।

घ) को सट्टा माटो जन्य पदार्थको कार्य गर्दा सम्बन्धित व्यवसायीद्वारा माटो जन्य पदार्थको प्रयोजन सहितको निवेदन गाउँपालिकामा पेश गरी सम्बन्धित जग्गाधनीको मञ्जुरीनामा, वडाको सिफारिस लगायतको आधारमा गाउँपालिकामा जग्गाधनी, व्यवसायी र गाउँपालिका बिच त्रिपक्षिय सम्झौता गरी कार्य व्यवस्थित गर्नुपर्नेछ।

ङ) को सट्टा सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएको प्राविधिक कर्मचारीले उत्खनन् गर्न चाहेको वा उत्खनन् हुनसक्ने परिमाण एकिन गरि गाउँपालिकाले निर्धारण गरेको राजश्व लिई अनुसुची १ को ढाँचामा उत्खनन् र ओसार पसारको अनुमति दिइनेछ।

च) थप गर्ने सम्झौताका पत्रधारकहरुले सम्झौताका सर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ, साथै सम्झौताका सर्त र मापदण्डहरु पालिकाले सम्झौतामा उल्लेख गर्न सक्नेछ।

छ) थप गर्ने उत्खनन् पश्चात प्राविधिक मुल्याङ्कन गर्दा लागत अनुमान बमोजिम भए/नभएको यकिन गरी कार्यसम्पादन मुल्याङ्कन प्रतिवेदन तयार गर्ने।

ज) थप गर्ने लागत अनुमान भन्दा बढी उत्खनन् भएको पाईएमा उत्खनन् भएको बढी परिमाणको १.५ गुणा हिसाब गरी जरिवाना असुल उपर गर्नु पर्नेछ।

झ) थप गर्ने व्यवसायीद्वारा एक कामको कार्य सम्पन्न नभएसम्म अर्को कामको अनुमति प्रदान गरिने छैन।

ञ) थप गर्ने सम्झौताका पत्रधारकहरुले सम्झौताका सर्तहरु अनिवार्य रुपमा पालना गर्नुपर्नेछ, साथै सम्झौताका सर्त र मापदण्डहरु गाँउपालिकाले सम्झौतामा उल्लेख गर्न सक्नेछ।

४. यस कार्यविधिको दफा ५ मा संशोधन

ङ) को सट्टा जग्गाधनीको निवेदन

च) थप गर्ने व्यवसायीको निवेदन

५. यस कार्यविधिको परिच्छेद-५ राजश्व सम्बन्धी व्यवस्था अन्तर्गत दफा १४ को उपदफा क) र ख) मा राजश्वको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

६. यस कार्यविधिको परिच्छेद-६ दण्ड जरिवाना सम्बन्धी व्यवस्था अन्तर्गत दफा १५ को दण्ड जरिवानाको दररेट मायादेवी गाउँपालिकाको आर्थिक ऐन अनुसार हुनेछ।

७. यस कार्यविधिमा परिच्छेद-७ मा धरौटी सम्बन्धी व्यवस्था थप गर्ने

१६. उत्खनन् कर्तालाई उत्खनन् अनुमति दिदा उतखनन् परिमाण तथा कुल तिर्नुपर्ने राजश्व रकमको २५ प्रतिशत रकम सम्झौता गर्दाका बखत धरौटीबापत राखु पर्ने छ।

१७. माटोजन्य पदार्थको काम सम्पन्न भएपश्चात धरौटी फिर्ता गर्दा प्राविधिक मुल्याङ्कन प्रतिवेदनका आधारमा काम सम्पन्न भएको मितिले १ (एक) महिना पश्चात धरौटी रकम फिर्ता दिइनेछ।

८) परिच्छेद- ८ मा "विविध" राख्ने

९) अनुसुची १ संशोधन गरिएको

१०) अनुसुची ३ संशोधन गरिएको

११) अनुसुची ४ थप गरिएको

१२) अनुसुची ५ थप गरिएको

१३) अनुसुची ६ थप गरिएको

अनूसूची-१

(दफा ४ को (ङ) एवम् दफा ८ को (झ) सँग सम्बन्धित)

मायादेवी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

बरेवा, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

प.सं.

च.न.

मितिः

श्री जो जस सँग सम्बन्धित छ।

**विषयः:माटो उत्खनन् गरि ढुवानी गर्ने अनुमति दिईएको ।**

प्रस्तुत विषयमा.......................................को नाममा दर्ता कायम रहेको मायादेवी गाउँपालिका गाउँपालिका वडा नं..........कित्ता नं.................को जग्गा क्षेत्रफल........।.......।........बाट देहाय बमोजिमको शर्तको अधिनमा रही माटो उत्खनन् गरि ढुवानी गर्न अनुमति दिईएको व्यहोरा सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

तपसिल

विषयः माटो उत्खनन् गरि ढुवानी गर्ने अनुमति दिईएको ।

१.अनुमति लिने मुख्य ब्यक्तिको नामः

ठेगानाः

सम्पर्क नं.:

२. माटो उत्खनन् गर्ने जग्गाको चारैतर्फका सँधियारहरु

पूर्व तर्फ...............................पश्चिम तर्फ..............................

उत्तर तर्फ.............................दक्षिण तर्फ..............................

३. उत्खनन् गरि ढुवानी गर्ने अनुमानित परिमाणः ..................... घनफिट

४.राजश्व बुझाएको विवरण

क. प्राकृतिक स्रोत (माटो)को राजश्व प्रति घनफुट ३ दरले रु..................

५.उत्खननमा प्रयोग हुने साधनहरु-

६. ढुवानीमा प्रयोग हुने साधनहरु-

७. ढुवानी गरि लैजाने स्थान र प्रयोग हुने मुख्य बाटो-

८. उत्खनन् र ढुवानीका लागि समयावधिः मिति ............... देखि ............. सम्म

<u>बोधार्थ</u>

नोटः ढुवानीका साधन हेरफेर गर्नुपरेमा वा ढुवानी गर्ने म्याद समाप्त भएमा यस कार्यालयलाई जानकारी गराई अनुमति लिनुपर्नेछ ।

अनुसुची-३

(दफा ५ को उपदफा (ङ) एवम् दफा १२ को उपदफा (क) सगँ सम्बन्धित)

**जग्गाधनीले दिने निवेदन**

मितिः२०८   /   /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मायदेवी गा.पा. गाउँकार्यपालिकाको कार्यालय,
बेथरी, रुपन्देही।

विषयः निजी जग्गाबाट माटो उत्खनन् गर्नको लागि अनुमति पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा जिल्ला रुपन्देही साविक ......................... गा.वि.स. वडा नं. ....... हाल मायादेवी गाउँपालिका वडा नं. ...... बस्ने .................................. को नाति/बुहारी ....................................... छोरा/पत्नी ............................. को नाममा दर्ता रहेको ...................................... गा.वि.स. वडा नं. ............. को कि.नं..............को ज.वि ...........................(बिगाहा-कट्ठा-धुर) मध्ये जग्गाबाट .......................(बिगाहा-कट्ठा-धुर) जग्गाको नदिजन्य ....................फिट .......ईन्च गहिरो हुने गरि माटो उत्खनन् गरी बिक्रीको लागि तपसिल बमोजिमको गाडीबाट ढुवानीको लागि अनुमति पत्र उपलब्ध गराईदिन हुनको लागि यो निवेदन पेश गरेको छु।मायादेवी गाउँपालिकाले तोकेको सम्पूर्ण शर्त पालना गर्न मञ्जुर छुँ।अनुमति लिईएको परिमाण भन्दा बढी उत्खनन् गरेमा नियमानुसार कारबाही भोग्न तयार छु।

तपसिलः

| क्र.सं. | माटो उत्खनन् गर्ने साधनको नम्बर | माटो ओसार पसार तथा ढुवानी गर्ने साधन गाडी नं. |
|---|---|---|
| | | |

औंठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

निवेदकः

सहीः
नाम थरः-
मोबाईल नम्बरः-
ठेगानाः

अनुसुची-४
(दफा ५ को उपदफा (च) सगँ सम्बन्धित)

व्यवसायीले दिने निवेदनको

मितिः२०८  /  /

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मायदेवी गा.पा. गाउँकार्यपालिकाको कार्यालय,
बेथरी, रुपन्देही।

विषयः माटोजन्य पदार्थ उपलब्ध गराईदिनुहुन।

प्रस्तुत विषयमा.........................................................................(फर्मको नाम) ले ............................................को नाममा दर्ता कायम रहेको मायादेवी गा.पा. वडा नं. ...... कित्ता नं. ......................... सिट नं. ...................क्षेत्रफल.......................... को जग्गाबाट ....................................................................प्रयोजनको लागी माटोजन्य पदार्थ आवश्यक परेको हुनाले संलग्न कागजातहरुको आधारमा माटो उपलब्ध गराईदिनुहुन सादर अनुरोध छ।

निवेदकः

फर्मको नामः

छापः

संलग्न कागजातहरुः

१) फर्मको दर्ता प्रमाण पत्र
२) VAT/PAN नम्बर
३) कर चुक्ता प्रमाण पत्र
४) मञ्जुरीनामा भए सो कागजात
५) नागरिकताको प्रमाण पत्र

अनुसुची-५
(दफा ५ को उपदफा (घ) सगँ सम्बन्धित)

**निजि जग्गाको माटो उत्खनन् गरी ओसार पसार गर्नका लागि गरीएको सर्जिमिन मुचुल्का।**

मायादेवी गाउँपालिका वडा नं. ........... गाउँ/टोल/पथ ............................................ बस्ने श्री ......................................................... ले मायादेवी गाउँपालिकाको कार्यालयमा दिएको द.न. ................ मिति .................................. गतेको निवेदन अनुसार निवेदकले तपसिलको जग्गाहरुबाट नदिजन्य पदार्थ/माटो उत्खनन् गरी ओसार पसार तथा विक्री बितरणका लागि अनुमति माग गरेकाले उक्त कार्यका लागि तपसिलका हामी संधियारहरुलाई कुनै किसिमको बाधा हुने छैन पछि कुनै किसिमको उजुर-वाजुर तथा दावि-विरोध गर्ने छैनौ भनी साक्षी किनाराको सदरको रोहवरमा यो सर्जिमिन मुचुल्कामा सहिछाप गरी मायादेवी गाउँपालिकामा चढायौं।

**माटो उत्खनन् गर्ने जग्गाको विवरण**

| क्र.स. | साविक गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

<u>संधियारहरुः</u>
पूर्व पट्टि सँधियार श्री ........................................................... दस्तखत .........................
पश्चिम पट्टि सँधियार श्री ....................................................... दस्तखत .........................
उत्तर पट्टि सँधियार श्री ......................................................... दस्तखत .........................
दक्षिण पट्टि सँधियार श्री ....................................................... दस्तखत .........................

<u>साक्षीहरुः</u>
जि.रु.मायादेवी गा.पा. वडा नं. .... बस्ने वर्ष ....... को श्री ................................दस्तखत ...........
जि.रु.मायादेवी गा.पा. वडा नं. .... बस्ने वर्ष ....... को श्री ................................दस्तखत ...........

<u>रोहवरमाः</u>
**मायादेवी गा.पा. वडा नं. ...........का वडा अध्यक्ष श्री..................................**

<u>निवेदकः</u> जग्गाधनी श्री.................................................
ना.प्र.नं. ..............जारी मिति...................जारी जिल्ला.............

<u>कामतामेली गर्नेः</u>
**मायादेवी गा.पा. ..........नं. वडा कार्यालयका वडा सचिव/कर्मचारी श्री.......................................**

**ईति सम्बत ..................... साल ....................महिना ........गते .......रोज शुभम् ।**

अनुसुची-६

(दफा ४ को उपदफा (क) सगँ सम्बन्धित)

<u>जग्गाधनीले वडा कार्यालयमा दिने निवेदन</u>

मितिः२०८ / /

श्रीमान् वडा अध्यक्ष ज्यू,
............नं. वडा कार्यालय,
मायादेवी गा.पा., रुपन्देही।

विषयः निजी जग्गाबाट माटो उत्खनन् का लागि सिफारिस गरि पाउँ।

महोदय,

उपरोक्त सम्बन्धमा जिल्ला रुपन्देही साविक .......................... गा.वि.स. वडा नं. ....... हाल मायादेवी गाउँपालिका वडा नं. ...... बस्ने .................................. को नाति/बुहारी ........................................... छोरा/पत्नी ............................... को नाममा दर्ता रहेको ......................................... गा.वि.स. वडा नं. ............. को कि.नं..............को ज.वि ............................(बिगाहा-कट्ठा-धुर) मध्ये जग्गाबाट .........................(बिगाहा-कट्ठा-धुर) जग्गाको नदिजन्य ....................फिट .......ईन्च गहिरो हुने गरि माटो उत्खनन् गरी बिक्रीको लागि तपसिल बमोजिमको गाडीबाट ढुवानीको लागि सिफारिस गरिदिनुहुनको लागि यो निवेदन पेश गरेको छु।मायादेवी गाउँपालिकाले तोकेको सम्पूर्ण शर्त पालना गर्न मञ्जुर छुँ।अनुमति लिईएको परिमाण भन्दा बढी उत्खनन् गरेमा नियमानुसार कारबाही भोग्न तयार छु।

<u>तपसिलः</u>

| क्र.सं. | माटो उत्खनन् गर्ने साधनको नम्बर | माटो ओसार पसार तथा ढुवानी गर्ने साधन गाडी नं. |
|---|---|---|
| | | |

औंठाको छाप

| दाँया | बाँया |
|---|---|
| | |

<u>निवेदकः</u>

सहीः
नाम थरः-
मोबाईल नम्बरः-
ठेगानाः

आज्ञाले,
लेखनाथ पोखरेल
प्रमुख प्रशासकीय अधिकृत